ज.प्र.का.म.द.नं.४८/०७३/०७४

वर्ष ६, अंक १७८
१९ चैत २०७९ आइतबार
2 Apr. 2023, Sunday
www.shirishnews.com

पृष्ठ ४ मूल्य रु. ५/-

सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।


## चुरेको विनाश तथा व्यवस्थापनमा एकीकृत प्रयासको खाँचो : विज्ञहरू

**अजयकुमार झा**

**चैत १९ गते, जनकपुर**
मधेश प्रदेश, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री वसन्त कुशवाहा र मधेश क्षेत्रका कृषि विज्ञहरूबिचको छलफल सम्पन्न भएको छ ।

कार्यक्रममा विज्ञहरूले तराई मधेशमा रहेका विभिन्न समस्या समाधानका लागि एकीकृत रूपले अगाडि बढ्न मधेश प्रदेश सरकार को ध्यानाकर्षण गराउनुभएको थियो ।

तराई मधेशमा रहेको चुरे भावर विनाश, वन जङ्गलको अनियन्त्रित कटानी तथा अतिक्रमण, वन पैदावारको दुरुपयोग, अनियन्त्रित बालुवा, गिट्टी तथा ढुङ्गाको उत्खनन, वर्षेनी बाढी प्रकोप, सुख्खापन, खडेरी, घट्दो सतहमुनिको पानी, कुवा र इनारको सुख्खापन, बन्द हुन लागेको चापाकलको पानी, वर्षेनी बढ्दै गरेको तापक्रम तथा हजारौँ बिगाहामा भइरहेको मरुभूमिकरण जस्ता समस्याका कारण र समाधानबारे विस्तृत छलफल भएको छ ।

समस्याहरूको निराकरणका लागि छुट्टै निकाय गठन गरी कार्यक्रम बढाउन विज्ञहरूले सल्लाह दिनुभएको थियो । हाल यसका लागि राष्ट्रपति चुरे संरक्षण विकास समिति, वन तथा वातावरण मन्त्रालय, सिँचाई मन्त्रालय, कृषि मन्त्रालय, स्थानीय सरकारबीच समन्वय आवश्यक भएको उहाँहरूको भनाइ थियो ।

आगामी दिनमा त्यसका लागि कन्सेप्ट नोट बनाउने, राष्ट्रिय योजना आयोग/प्रदेश नीति आयोगमा छलफल गर्ने, संसदमा प्रस्तुत गर्ने, संघीय/प्रदेश सरकार मन्त्रीपरिषदमा छलफल गर्ने, ऐन, विधेयक, नियमावली तथा कार्यविधि बनाउन पहल गर्ने प्रतिबद्धता सबैले जाहेर गर्नुभएको थियो ।

समस्याको समाधानका लागि सम्पूर्ण सम्बन्धित पक्ष गम्भीर हुनुपर्ने आवश्यकतामा सहभागीहरूले जोड दिनुभएको थियो ।

**बाल हिंसा अन्त्य गरौं**

## शिलान्यासमै सीमित धनुषाका स्थानीय तहका अस्पताल

**विजयकुमार साह**

**चैत १९ गते, ढल्केवर**
तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले देशभरका ३७६ स्थानीय तहमा एकसाथ आधारभूत अस्पतालको शिलान्यास गर्नुभयो। सङ्घ सरकारले स्थानीय आवश्यकता र सुविधालाई प्राथमिकता दिएर सुरु गरेको यो योजनालाई स्थानीय तह (सरकार)हरूले चाहीँ बेवास्ता गरिरहेका छन्। सङ्घीय सरकारले अधिकार र काम दिएन भन्ने गुनासो गर्ने प्रदेश तथा स्थानीय सरकार स्थानीय सामान्य विवाद पनि सुल्झाउन नसकेर आधारभूत अस्पताल निर्माण गर्न पनि अक्षम देखिएका छन्।

गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गर्नका लागि २०७७ मङ्सिर १५ गते एकै दिन एकै पटक ३७६ स्थानीय तहमा पाँचदेखि १५ शय्याका सुविधा सम्पन्न अस्पताल निर्माण गर्न शिलान्यास भएका थिए। धनुषाका १८ वटा स्थानीय तहमध्ये क्षीरेश्वरनाथ, गणेशमान चारनाथ, धनुषाधाम, मिथिला, मिथिला विहारी, विदेह, सबैला, शहीद नगर, हंशपुर, औरही, मुखियापट्टी मुसहरनिया र बटेश्वर गरी १२ वटा स्थानीयमा सोही दिन शिलान्यास भएको थियो तर ती सबै अस्पताल शिलान्यासमै सीमित हुन पुगेका छन्। शिलान्यासको दुई वर्षभन्दा बढी काट्दासम्म कुनै पनि स्थानीय तहले अस्पताल निर्माण पूरा गर्न सकेका छैनन्।

कतै जग्गा विवाद त कतै जनप्रतिनिधिकै मत भिन्नताका कारण अस्पताल निर्माणले गति लिन नसकेको हो। मिथिला नगर पालिकाले १५ शय्याको अस्पताल निर्माणमा बल्ल तदारुकता देखाएको छ। नगरपालिकाका पूर्वनगरप्रमुख हरिनारायण महतोले अस्पताल निर्माण गर्न नगर क्षेत्रका चार ठाउँमा शिलान्यास भएपछि २०७८ चैत ३० गते स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई पत्रचार गर्दै यस नगरपालिकामा अस्पताल निर्माण गर्न नसकिने जानकारी गर ाउँदै योजना नै रद्द गराउनुभएको थियो। सबैतिरको जग्गामा विवाद देखिएपछि बाध्य भएर योजना नै रद्द गर्नु परेको पूर्वनगरप्रमुख महतोले बताउनुभयो।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले २०७९ मङ्सिर २९ गते ढल्केबर मा १५ शैयाको अस्पताल निर्माण गर्न पुनः स्वीकृति दिएपछि बल्ल अस्पताल निर्माणको कार्य अगाडि बढेको छ। नगरपालिकाका वर्तमान नगरप्रमुख महेन्द्र महतोले आफू निकै दौडधुप र भनसुन गरेपछि १५ शय्याको अस्पताल पुनः योजनामा परेको दाबी गर्नुभयो। उक्त अस्पतालको डीपीआर तयार भइसकेको र निर्माण हुने जग्गामा माटो भर्ने काम भइरहेको उहाँले बताउनुभयो।

क्षीरेश्वरनाथ नगरपालिकामा जग्गाको विषयमा कार्यपालिका सदस्यमै विवाद भएपछि अस्पताल निर्माणको काम शिलान्यासमै रोकिएको छ। तत्कालीन नगरप्रमुख योगेन्द्र पजियारले महेन्द्रनगरस्थित प्राथमिक स्वाथ्य केन्द्रको प्राङ्गणमा १५ शय्याको अस्पताल निर्माण गर्न शिलान्यास गर्नुभएको थियो। नगर पालिकाका वर्तमान नगरप्रमुख सुखदेव यादवले आफूले नेतृत्व सम्हालेदेखि अस्पताल निर्माणको विषयलाई लिएर अहिलेसम्म कुनै छलफल नभएको बताउनुभयो। कार्यपालिकामा यो विषयले प्रवेश नै नपाएको बताउँदै उहाँले निर्माण कार्य कहिले सुरु हुन्छ ठ्याक्कै भन्न नसकिने जानकारी दिनुभयो।

धनुषाधाम नगरपालिकाले पहिलो तलासम्म निर्माण गरेको छ। नगर प्रमुख बालेश्वर मण्डलले १५ दिनअघि मात्रै पहिलो तलाको ढलानको काम सम्पन्न भएको बताउनुभयो। दोस्रो चरणको कामका लागि बजेट सुनिश्चित भएसँगै अस्पताल निर्माणको कामलाई गति दिने उहाँले जानकारी दिनुभयो।

यस्तै बटेश्वर गाउँपालिकाले पनि पहिलो तलाको ढलान हालसालै सम्पन्न गरेको छ। गाउँपालिकाका अध्यक्ष रामअशिष महतोले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको १० करोड रुपियाँ लागतमा निर्माण भइरहेको अस्पताल एक वर्षभित्र सञ्चालनमा ल्याउने लक्ष्यअनुसार निर्माण कार्यलाई गति दिइएको बताउनुभयो। दुई वर्षभित्र निर्माणको काम सक्ने गरी काम थालिएको भए पनि जग्गा व्यवस्थापन, बजेट अभाव, जनप्रतिनिधिबीचको विवाद र डीपीआर तयारीलगायतका कारण यहाँ अस्पताल निर्माण ओझेलमा परेको छ।

भठिहनका स्थानीय युवा महेश र ायले स्थानीय तहको बेवास्ताले भवन निर्माणको काम अलपत्र परेको बताउनुभयो। "आधारभूत अस्पताल सञ्चालन भए बिरामीले गाउँमै सहज र गुणस्तरीय उपचार सेवा पाउने थिए तर यहाँका धेरैजसो स्थानीय तहमा गतिलो अस्पताल नहुँदा जनकपुरधाममा गएर उपचार गराउनुपर्ने बाध्यता छ। कतिपयले प्राथमिक उपचार नपाएर अकालमा ज्यान गुमाउनु परेकाले स्थानीय तहले अस्पताल निर्माणमा गम्भीरता देखाउनुपर्छ," उहाँको भनाइ छ। गोरखापत्र अनलाइनबाट

## चुरे तथा वनजंगल संरक्षण अभियानका राष्ट्रिय संयोजक यादवले तोडे आमरण अनसन



**जनकपुर** /शुक्रबार साँझदेखि आमरण अनसनमा बस्नुभएका चुरे तथा वनजंगल संरक्षण अभियानका राष्ट्रिय संयोजक सुनिल यादवले आज आमरण अनसन तोड्नुभएको छ ।

मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले आज बिहान आमरण स्थल जानु भई संयोजक यादवलाई जुस खुवाएर अनसन तोड्न लगाउनुभएको छ ।

सुनिल यादव बिहीबार साँझ ४:०० बजेदेखि भूमिहीन दलित, सुकुम्वासीहरूको भूमि अधिकारका निम्ति र चुरे वन जङ्गल संरक्षणसहितको विभिन्न ६ बुँदे मागसहित जनकपुरधामको जनक चोकमा आमरण अनशनमा बस्नुभएको थियो ।

मुख्यमन्त्री यादवले एक साताभित्र एक समिति गठन गरेर प्रदेश सरकार ले गर्न सक्ने सबै काम गर्ने तथा केन्द्र सरकारसँग सरोकार रहेको विषयमा केन्द्र सरकारसँग पहल गर्ने बताउनुभएपछि यादवले अनसन तोड्नुभएको हो ।





संजना अटो
क्षीरेश्वरनाथ नगरपालिका ५ महेन्द्रनगर , धनुषा सम्पर्क नं : ०४१-५४००५०, ९८१५८४४३८५


सम्पादकीय

## सरकारले सोचेजस्तो सन्देश दिन सकेको छैन

यही चैत १० गते प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले नेपालको राष्ट्रिय जनगणनाको प्रतिवेदन सार्वजनिक गर्नुभयो। यो प्रतिवेदन सर्वसाधारणलाई समेत उपलब्ध हुने गरी लोकार्पण त भयो तर यसले आममानिसका निमित्तभन्दा सरकारका निम्ति नै बढी महत्व राख्छ । हिन्दुहरूका लागि गीता जति महत्वको हुन्छ, मुलुकको कार्यकारी नेतृत्व लिने प्रधानमन्त्रीका लागि त यो प्रतिवेदन त्यति नै महत्वको हुनुपर्छ। राज्यको आँखा अब कतातिर जानुपर्छ र कुन क्षेत्रमा सामान्य ध्यान दिए पनि पुग्न सक्छ भन्ने विस्तृत चित्र यसमा छ।प्रगति गर्न चाहने मुलुकले तथ्य र तथ्याङ्कमा आधारित भएर नै योजना निर्माण गर्छन्। माथि उठाउनैपर्ने क्षेत्र, तह र वर्गमा मुलुकले बढी लगानी गर्छ। विकासका हिसाबले उचित स्थान प्राप्त गरिसकेका ठाउँमा त्यसलाई समाल्ने काम मात्रै गर्छन्। तथ्य र तथ्याङ्कले एउटा दिशा निर्देश गरिरहेको छ। मुलुकको ध्यान अन्यत्रै केन्द्रित हुन पुग्यो भने त्यो मुलुक सदाका लागि पछाडि पर्नुबाहेक केही हुँदैन। हचुवाका भरमा योजना निर्माण गर्ने, बनाइएका योजना कार्यान्वयनमा नजाने र कार्यान्वयन प्रक्रियामा रहेका योजनामा पनि लापरबाही गर्दै जाने हो भने विकास भनेको ‘आकाशको फल आँखा तरी मर’ भनेझैँ मात्र हुन्छ।

वि.सं. २०७९ को संसदीय चुनावमा उम्मेदवारी दिँदै गर्दादेखि वर्तमान प्रधानमन्त्री पुष्पकमल ‘प्रचण्ड’ ले अब आफ्नो जीवन राष्ट्रका लागि समर्पित गर्ने घोषणा गर्नुभएको थियो। प्रधानमन्त्री पदको शपथ लिँदै गर्दा उहाँले मुलुकमा केही न केही नयाँ काम गरेर इतिहास रच्ने वाचा गर्दै आउनु भएको छ। त्यसैले पनि वर्तमान सरकारसँग आमजनताले केही न केही आशा गरेका छन्। विकास, जनउत्थान र समृद्धिका क्षेत्रमा नेपाल र नेपालीले केही न केही राहतको श्वास फेर्न पाउँछन् कि भन्ने धेरैलाई लागेको छ तर आजसम्मका क्रियाकलापले सोचेजस्तो सन्देश दिन भने सकेको छैन। स्थानीय तहदेखि सङ्घसम्मका सबै निर्वाचन सम्पन्न भइसकेका छन्। राष्ट्रपति, उपर ाष्ट्रपति, सभामुख आदिका चुनाव पनि सकिएको अवस्था छ। सत्तारुढ दलको गठबन्धनमा फेरबदल भई वर्तमान सत्ताले एउटा निश्चित दिशा पक्डिसकेको छ। प्रधानमन्त्रीले दोस्रो पटक विश्वासको मत लिने काम पनि सम्पन्न भई संसद्ले वर्तमान सरकारप्रति विश्वास छ भन्ने प्रमाणित गरिसकेको छ। केही मन्त्रालयबाहेकमा मन्त्री नियुक्त गर्ने काम पनि भइसकेको छ।

# अर्थतन्त्रको प्रमुख आधार किसान



भरत गौतम

**किसानको उत्पादन बजारमा लैजान आवश्यक ढुवानी व्यवस्था, बजार सूचनाको पहुँच र व्यवस्थित मूल्य शृङ्खलाको प्रवाहमा जोड दिने, कृषि बजारको सुविधासहित उत्पादक किसान र उपभोक्ताबीचको सम्बन्ध बढाउने एवं सहकारीलाई उत्पादन, सङ्कलन, ढुवानी व्यवस्थापनबाट आपूर्ति सहज बनाउन परिचालन गर्ने काममा जोड दिनुपर्छ।**

सबल अर्थतन्त्र नागरिक सुशासनको प्रमुख सूचक हो। अर्थतन्त्रको मुख्य आधार कृषि भएको र अति आवश्यक वस्तु खाद्यन्न कृषिबाट प्राप्त हुन्छ। किसानको उत्पादनले मानिसको जीवनचर्या चलिरहेको छ। खाद्य आपूर्ति विश्व शासनको मुख्य छलफलको विषयमा पर्छ। कृषि कर्मलाई संवेदनशील पेसाको रूपमा हेरिएको पाइन्छ। उत्तम खेती, मध्यम व्यापार र तल्लो श्रेणीमा नोकरी भन्ने भनाइ पनि छ।

३५ वर्षअघि कृषि उत्पादनको निर्यात हुन्थ्यो। अहिले कृषि वस्तुको आयात बढ्दो छ। ४० वर्षअघि कृषिको कुल गार्हस्थ उत्पादनमा लगभग ७० प्रतिशत योगदान थियो भने हाल उक्त योगदान २३ प्रतिशतमा झरेको छ। मौसमी र ोजगारी हुने क्षेत्र भएकाले कृषिलाई जीवन निर्वाह गर्ने पेसाका रूपमा हेरिएको छ। कृषि उत्पादन र वितर णमा समस्या देखिएका छन्।

किसानले आफ्नो उत्पादन बिक्री नभएका कारण दूध, तरकारी, फलफूल, अण्डा आदि सडकमा फ्याँकेको खबरले निराश बनायो। किसानले समयमा बिउ र मल नपाउँदा कृषि पेसामा नैराश्यता देखियो। कृषिका लागि सिँचाइको व्यवस्था गर्नेलगायतका विषयमा समन्वय हुन नसकेको गुनासो र हेको पाइयो। उखु किसानले उखुको मूल्य नपाएको र चिनी मिलले उखुको भुक्तानी नदिएकाले धर्ना दिनु परेको विषयले पनि चर्चा पायो। किसानका लागि अनुदानको दुरुपयोग भइरहेको छ। वित्तीय संस्थाले प्राथमिकता तोकेअनुसार कृषिमा लगानी गरेको देखिएन। कृषि उत्पादन र बजारबीचमा सम्बन्ध राम्रो हुन नसक्दा कृषि उद्यममा आकर्षण न्यून देखिन्छ।

परम्परागत कृषि पेसा गर्ने मानिसको सामाजिक सम्मान खस्किँदो छ। किसानका लागि दिने सुविधा मध्यस्थकर्ताले लिएको गुनासो छ। वास्तविक किसान र ाज्यको सेवासुविधाप्रति सचेत भएको पाइँदैन। कृषि क्षेत्र र पूर्वाधार निर्माणबीचमा समन्वयको अभाव छ। ग्रामीण सडकको उपयोग गरी कृषि उत्पादन बजार जाने विषयमा तालमेल नभएको गुनासो छ।

किसानलाई बजार सूचनाको पहुँच हुन सकेको छैन। कृषि उत्पादनको ग्रेडिङ र प्याकेजिङ गर्ने विषयमा आवश्यक ज्ञान हुन नसकेको र ढुवानी र सङ्गहमा समस्या देखिन्छ। उत्पादनको ब्राण्डिङ र गुणस्तर जाँच गर्ने र कृषिका नयाँ नयाँ उत्पादनको ज्ञान र सीपको तालिम पर्याप्त दिन सकिएको छैन। बजार मा बिचौलियाको माध्यमबिना किसानले कृषि उत्पादनको बिक्री गर्न नसक्ने अवस्थाले उत्पादनको उचित मूल्य पाउन नसकेको र उपभोक्ताले महँगोमा कृषि वस्तुको उपभोग गर्नु परेको छ। कृषि उत्पादनसँग जोड्ने गरी उद्योग स्थापना गर्न सकिएको छैन। छिमेकी देशका किसानलाई अनुदान हुँदा उत्पादन सस्तो भएकाले आयातित कृषि वस्तुसँग किसान प्रतिस्पर्धा गर्न नसक्ने भएकाले बजारमा कम मूल्यमा हुने आपूर्तिले आन्तरिक उत्पादनको संरक्षण गर्न सकिएको छैन। आयातित कृषि वस्तुको क्वार ेन्टाइन जाँच गर्ने अन्तर्राष्ट्रिय मान्यताको पूर्ण पालन गर्न भएको पाइँदैन जसले मानवीय स्वास्थ्यमा हेलचेक्र्याइँ भएको आरोप छ।

किसानको पेसाप्रति सम्मान हुने गर ी कृषि नीतिको तर्जुमा हुनुपर्छ। हाल कार्यान्वयन नीतिको कमजोर पक्षलाई न्यूनीकरण गरी सबल पक्षको बढोत्तरी हुने गरी काम गर्न आवश्यक छ। कृषि कर्मका लागि चाहिने बीउ, मल, बजारजस्ता सुविधाका लागि किसानसँग बसी रणनीति तय गरी लागू गर्न आवश्यक छ। कृषि क्षेत्रको नीति बनाउँदा तहगत सरकारको तोकिएको कार्य जिम्मेवारीका आधारमा किसानलाई उत्साह हुने वा मन छुने गरी कार्यान्वयनयोग्य नीतिको तर्जुमा गरी लागू गर्नुपर्छ। किसानका लागि सहुलियत ऋणको व्यवस्थालाई प्रभावकारी बनाउने, कृषि बिमाको प्रभावकारिता बढाउने, कृषि अनुदान उत्पादनको मात्रासँग जोड्ने, कृषि उत्पादनसँग आधारित उद्योग स्थापनामा प्रोत्साहन गर्नुपर्छ। कृषि प्रविधिको उपयोग गर्न तालिम दिई उन्नत कृषिमा जोड दिने, कृषिका पूर्वाधार बनाउँदा किसानको हितसहित उत्पादनको बढोत्तरी हुने र लागत कम गर्न जोड दिने, बजार सयन्त्रको मूल्य शृङ्खलामा सकारात्मक प्रभाव पर्ने गरी उत्पादन र वितरणमा प्रभावकारी बनाउन लाग्नुपर्ने हुन्छ। कृषि उत्पादनको बजार जानुपूर्व सङ्गह गर्न शीत भण्डारको व्यवस्था गर्ने र उपभोक्ता हितमा जोड दिनुपर्छ। तेस्रो, कृषि वस्तु आयात न्यून गर्न विश्व व्यापार सङ्गठनका आन्तरिक उत्पादन प्रोत्साहन गर्ने विधिको अवलम्बन गर्ने, क्वारेन्टाइन जाँच प्रक्रियाको कडाइका साथ लागू गर्ने, कृषि उत्पादनको गुणस्तर जाँच, ग्रेडिङ, ब्राण्डिङ, प्याकेजिङजस्ता विषयमा प्रभावकारिता ल्याउने जस्ता र णनीति तय गर्नुपर्ने हुन्छ। चौथो, किसानको उत्पादन बजारमा लैजान आवश्यक ढुवानी व्यवस्था, बजार सूचनाको पहुँच र व्यवस्थित मूल्य शृङ्खलाको प्रवाहमा जोड दिने, कृषि बजारको सुविधासहित उत्पादक किसान र उपभोक्ताबीचको सम्बन्ध बढाउने एवं सहकारीलाई उत्पादन, सङ्कलन, ढुवानी व्यवस्थापनबाट आपूर्ति सहज बनाउन परिचालन गर्ने काममा जोड दिनुपर्छ। पाचौं, व्यावसायिक कृषिमा जोड दिने, नयाँ वस्तु उत्पादनमा उत्प्रेरित गर्ने तहगत सरकारका आयआर्जन कार्यक्रमलाई कृषिसँग सम्बन्धित उद्यमसँग जोड्न प्रोत्साहित गर्ने, समन्वयात्मक रूपमा कृषि क्षेत्रको विकास गर्ने, कृषि क्षेत्रको विकासका लागि अन्य सम्बन्धित नीतिको प्रभावकारिता बढाउने र किसान उद्यम प्रवर्द्धन गर्न स्टार्ट अप लगानीमा जोड दिनु आवश्यक छ।

लेखक सूचना तथा प्रसारण विभागका निर्देशक हुनुहुन्छ।

गोरखापत्रबाट

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# जबर्जस्रुती गरिएको कागजको विवाद 'मिटरब्याज'



**सपना थामी**

**चैत १९ गते, काठमाडौं**

मन्त्रिपरिषद्को चैत १४ गते मंगलबारको बैठकले मिटरब्याजको प्रक्रियालाई अपराध घोषणा गरेको छ। सरकारले मिटरब्याज पीडितको समस्या सम्बोधन गर्न मुलुकी अपराध संहिता, २०७४ संशोधन प्रक्रिया अगाडि बढाउने निर्णय गरेको हो।

गृह मन्त्रालयका सहसचिव रुद्रदेवी शर्माको संयोजकत्वमा उपसचिव दिलकुमार तामाङ, प्रधानमन्त्री कार्यालयका उपसचिव उमान्त अधिकारी र कानुन मन्त्रालयका उपसचिव जङ्गाबहादुर दंगाल सदस्य रहनुभएको वार्ता टोलीले विभिन्न चरणमा वार्ता गरिसकेको छ।

सरकारको तर्फका वार्ता टोलीका संयोजक एवम् गृहका सहसचिव शर्माको टोली र पीडितको तर्फबाट बनेको पाँच दलीय वार्ता समितिबीच विभिन्न चरणमा भएको छलफल भइरहेको छ। छलफल सकारात्मक भएको बताइएको छ। प्रधानमन्त्री एवम् नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले पनि पीडितसँग शनिबार बिहान भेट गर्नुभएको छ। सामन्तवादको अवशेषका रुपमा रहेको यो समस्या सधैका लागि अन्त्य गर्ने आश्वासन प्रधानमन्त्री प्रचण्डले पीडितलाई दिनुभएको छ।

अधिकारसम्पन्न आयोग गठन गर्नुपर्नेलगायतका माग भने गृहमन्त्रालयले सम्बोधन गरिसकेको छ ।

शुक्रबार उपप्रधानमन्त्री एवम् नवनियुक्त गृहमन्त्री नारायणकाजी श्रेष्ठले कार्यभार सम्हालेपछि मिटर ब्याज पीडितको समस्या समाधानका लागि अधिकार सम्पन्न आयोग गठन गर्ने पहिलो निर्णय गरेको छ। मन्त्री श्रेष्ठले आउँदो मन्त्रिपरिषद्रुमा प्रस्ताव लिएर जाने जानकारी दिनुभएको छ।

**गरिब मार्ने 'मिटरब्याज'**

मिटरब्याजका ७५ जना पीडित बर्दिबासबाट १२ दिन पैदल हिँडेर चैत १३ गते काठमाडौं आइपुगेका हुन्। खुलामञ्चमा बसेर आन्दोलन गर्न आएका उनीहरुलाई महानगरपालिकाले प्रवेश नदिएपछि न्यायको माग गर्दै सडकमा प्रदर्शन गरिराखेका छन्। विभिन्न राजनीतिक दल, सांसद, नागरिक अगुवा र संघ, संस्थाले मिटरब्याज पीडित आन्दोलनमा ऐक्यबद्गता जनाएका छन्।

नेपालको संविधान २०७२ को धारा १६ मा प्रत्येक नागरिकलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुने व्यवस्था छ। पीडितले सुरुमा ऋण लिँदा नै लिएको रकमभन्दा बढीको कागजातमा औँठाछाप लगाउने गरेको, चुक्ता गरेको ऋण रकमको तमसुक नबनेको वा बनिसकेको अवस्थामा समेत निरन्तर पैसा मागेर मानसिक यातना दिने गरेको बताएका छन्।

धम्कीपूर्ण रुपमासमेत यसरी पैसा माग्ने हुँदा पारिवारिक बेमेलदेखि सामाजिक सद्भावमा खलबल र स-साना विद्यार्थीको पढाइ, दैनिक जीवनयापनमा यातना खेपेको महसुस भएको उनीहरुको भनाइ छ। खासगरी, तराई क्षेत्रको निरक्षर, गरिब वर्गका मानिस यसरी पीडित बनेका छन्। घरबारबिहीन भइसकेका पीडित न्याय नपाए कहाँ जाने भन्ने अन्यौलतामा रहेको देखिन्छ।

**पीडितलाई न्याय दिनुपर्छ : वरिष्ठ अधिवक्ता भट्टराई**

संविधानको धारा २५ मा सम्पत्तिको हक अन्तर्गत प्रत्येक नागरिकलाई कानुनको अधिनमा रहेर सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यवसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ। वरिष्ठ अधिवक्ता टीकाराम भट्टराई कानुनभन्दा अपराधी जहिले पनि अगाडि हुने हुँदा नयाँ कानुनको आवश्यकता पर्ने बताउनुहुन्छ।

वरिष्ठ अधिवक्ता भट्टराई भन्नुहुन्छ, "कानुनभन्दा अपराधी जहिले पनि अगाडि हुन्छन्। कानुनको आँखा छलेर अपराध गर्नु नै मिटरब्याजी हो।"

उहाँले मिटरब्याज नेपालको कानुन नै छलेर भएको अपराध भएकाले अहिलेको मुलुकी अपराध संहिताले यसलाई नसमेटेको उल्लेख गर्नुभयो। "त्यसैले त्यो अपराधीलाई नियन्त्रण गर्न नयाँ कानुनको आवश्यकता पर्‍यो। अहिले मुलुकी अपराध संहिताले मिटरब्याजीलाई कारबाही गर्न त्यो व्यवस्था समेटेको छैन र छिटोछरितो रुपमा उनीहरुलाई कारबाही गर्न जरुरी छ", उहाँले भन्नुभयो। मिटरब्याजलाई अपराधी घोषणा भइसकेको अवस्थामा उनीहरुलाई कारबाही गर्नुपर्ने भनाइ उहाँको छ। मिटरब्याजी सम्बन्धमा सरकारले जुन तदारुकता दिएको छ, यसलाई यही अधिवेशनबाट ऐन पास गरेर पीडितलाई न्याय दिनुपर्ने उहाँको भनाइ छ।

उहाँले भन्नुभयो, "सरकारले जुन तदारुकता दिएको छ, यसलाई यही अधिवेशनबाट छिटो प्रक्रियाद्वारा ऐन पास गरेर पीडितलाई न्याय दिनुपर्छ।"

**दुवै पक्षको तथ्य खोजी हुनुपर्छ : वरिष्ठ अधिवक्ता श्रेष्ठ**

वरिष्ठ अधिवक्ता रमण श्रेष्ठ यससँग सम्बन्धित सबैसँग गएर बुझ्नुपर्ने बताउनुहुन्छ। श्रेष्ठ भन्नुहुन्छ, "अब यो जहाँ-जहाँ भएको छ, त्यहाँ गएर सबैसँग बुझ्नुपर्छ। तीन, चार वटा घर हुने यस्तो सुकुम्बासी भएको जस्तो पनि त हुनसक्छ। यो त, सम्बन्धित मान्छेले थाहा पाउने कुरा भयो।"

वरिष्ठ अधिवक्ता श्रेष्ठले ऋण लिएको हो भने कोसँग कति, कहिले लिएको र तिरेको हो भने कुन-कुन समयमा कति-कति तिरेको भनेर पीडितले भन्नुपर्ने बताउनुभयो।

छानबिन समितिले अध्ययन गर्ने हो भन्ने सन्दर्भमा उहाँले भन्नुभयो, "छानबिन गर्न दिएको हो भने, जसले लिएको छ, फलानोसँग लिएको भन्नुपर्छ। खाली मिटरब्याजी भनेर भएन। कोसँग लिएको, कति पैसा लिएको त्यो भन्नुपर्छ। लिने, दिने दुवैलाई कागज गरेपछि सहमति हुन्छ।"

उहाँले सबैभन्दा पहिला तथ्य र यथार्थ कुरा के हो त्यसको खोजी हुनुपर्ने बताउनुभयो। "सबभन्दा पहिला फ्याक्ट फाईण्डिङ गर्नुपर्छ। कस्तो छ भने, समस्या कैद गर्ने मान्छे पनि छन्। घरखेत खाएको हो भने सम्बन्धित मान्छेलाई सोध्नुपर्छ", उहाँले भन्नुभयो।

**मिटरब्याज अपराध र कानुनी व्यवस्था**


मुलुकी देवानी संहिता, २०७४ को दफा ४७८ मा 'साहुले ऋणीसँग ब्याज लिन पाउने' व्यवस्था अन्तर्गत लेनदेन सम्बन्धी लिखत हुँदा लिखतमा ब्याज लिनेदिने कुरा उल्लेख हुनुपर्नेछ। यसरी उल्लेख भएकोमा साहुले ऋणीबाट लिखतमा लेखिए बमोजिमको ब्याज लिन पाउँनेछ।

यसै सन्दर्भमा भट्टराई भन्नुहुन्छ, "ब्याज लिने व्यवस्था त्यो कानुन बमोजिम भएका लिखतका सम्बन्धमा हो। मिटरब्याजी भनेको चाहिँ कानुन बमोजिम भएको होइन। गैरकानुनी रूपले लिखित तयार पारेका हुन्। कानुन बमोजिम दुई जनाको सहमतिमा भएका लिखितको सम्बन्धमा दश प्रतिशतभन्दा बढी ब्याज लिन पाइँदैन भनेको हो।" उहाँले ऋण लिने र दिने दुई जनाको बीचमा लिखत सहमति भएको कुरा कानुनमा रहेको तर, यसरी सहमति नभई जर्बजस्ती रूपमा गरिएको कागजको विवाद 'मिटरब्याज' भएको प्रस्ट पार्नुभयो ।

अब, पीडितले तिरेको बढी पैसा र घर, जग्गासहित न्याय कसरी पाउँछ भन्ने जिज्ञासामा उहाँले अब यसलाई नयाँ कानुनले समेटेपछि अदालतले सो बमोजिम फैसला गर्दा त्यो प्राप्त हुने बताउनुभयो। उहाँले भन्नुभयो, "अब त्यो विषयलाई नयाँ कानुनले समेट्नुपर्छ। नयाँ कानुनमा समेटेर ल्याएपछि अदालतले नयाँ कानुन बमोजिम फैसला गर्दा त्यो भराइदिन्छ।"

मिटरब्याज अपराध सन्दर्भमा श्रेष्ठले कानुनले निषेध गरेको फौजदारी र देवानी प्रकारको अपराध बाहेक सबै अपराध हुन नसक्ने भनाइ राख्नुभयो।

उहाँले भन्नुभयो, "कानुनले निषेध गरेको कुनै फौजदारी अपराध, कुनै देवानी प्रकारका हुन्छ। सबै अपराध हुनलाई त, अपराध भनेर परिभाषा गरेर, कैद सजाय वा जरिवानाको व्यवस्था भएको हुनुपर्छ। कानुनमा कैद, सजायको व्यवस्था भएन भने अपराध हुन्नाँ।" उहाँले अपराध हुनलाई कानुनमा कैद, सजाय वा जरिवानाको व्यवस्था हुनुपर्ने बताउनुभएको हो।






सूचना ! सूचना !!! सूचना !!!

नदी सार्वजनिक सम्पती हो । नदीबाट निस्केका नहरहरुको रेखदेख गर्नु हामी सबैको कर्तव्य हो । नदी सफा राख्नु सबैको दायित्व हो । नदीको जमिन अतिक्रमण गर्नु हुँदैन । सरकारले निर्धारण गरेको क्षेत्रफल भित्रको नदीको जग्गामा कुनै प्रकारको अतिक्रमण कानुनको वरखिलाफ हो । नदी क्षेत्रमा गैर कानुनी रुपमा निर्माण गरिएको सबै प्रकारको निर्माण सिंचाई विभागले भत्काउने भएकाले नदी क्षेत्रमा भौतिक निर्माण नगरौं । नदी फराकिलो भयोभने सबैलाई फाइदा हुन्छ । नदीको क्षेत्रलाई संरक्षण र सम्बर्द्धन गर्नु हामी सबैको दायित्व हो ।

कमला नदी नियन्त्रण आयोजना , जनकपुर

# संचारकर्मीसंग वैदेशिक रोजगार तथा सामी कार्यक्रम बारे अन्तरकृया तथा अभिमुखिकरण कार्यक्रम सम्पन्न



**खबर दर्पण समाचारदाता**

**चैत १९ गते, महोत्तरी**

महोत्तरीमा संचारकर्मी संग वैदेशिक रोजगार तथा सामी कार्यक्रम बारे अन्तरकृया तथा अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ। स्विजरल्याण्ड सरकार र नेपाल सरकारको विपक्षिय सम्झौता अनुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको नितिगत पहल र प्रदेश सरकारको समन्वय तथा हेल्भेटास नेपालको प्राविधिक सहयोग र स्थानिय सरकार जलेश्वर नगर पालिका, बर्दिबास नगरपालिका, गाँशाला र पिपरा नगरपालिका गाउपालिकाको आयोजनामा तथा दलित समाज उत्थान समिति नेपालको सहजिकरणमा संचालित सुरक्षित आप्रवासन(सामी) कार्यक्रम अन्तरगत संचारकर्मीहरुसंग सो अन्तरकृया तथा अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको हो।

कार्यक्रममा हेल्भेटासका कार्यक्रम अधिकृत देव नारायण मण्डलले ३९ जिल्लामा सामी कार्यक्रम संचालनमा रहेको बताए। वैदेशिक रोजगारीमा जानेहरुलाई काउन्सिलिंग, सिप, दक्षता अभिवृद्धि, ठगिएका तथा मृत्यु भएकाहरुलाई क्षतिपुर्ति तथा शब नेपाल ल्याउने लगायतका कार्यमा सहजता भएको बताए। उनले वैदेशिक रोजगारीमा जानेहरुको सीपमा पहुच सुचनामा पहुच, न्यायमा पहुच, मनोपरामर्श र वित्तिय साक्षरताको लागि आफुहरुले काम गरिरहेको थपे। यसै कार्यक्रम मार्फत विभिन्न बहानामा ठगिएकाहरुलाई रकम फिर्ता देखि विभिन्न क्षतिपुर्ति दिलाउन सफल भएको बताए।

यता दलित समाज उत्थान समिति नेपालका कार्यक्रम संयोजक राम भजन महतोले महोत्तरी स्थित वासन(सामी) कार्यक्रमले दिएको सेवा बारे संचारकर्मीहरुलाई जानकारी गराएका थिए। उनले चालु आर्थिक वर्षमा सुचना तथा परामर्श सेवा ५०९ जनालाई सीप तालिममा पहुंच १० जनालाई' सामुदायिक अभिमुखिकरण १२५ जनालाई, गहन अभिमुखिकरण ३४ जनालाई र रिटर्नी स्वयम सेवक मार्फत सुचना प्रदान ३१५० जनालाई गरेको बताए।

त्यसतै कार्यक्रम अन्तर्गत कार्यालयमा प्राप्त भएको ९५ केश मध्ये ४० मा सफलता समेत पाएको तथ्यांक प्रस्तुत गरिएको थियो। यता सोहि अवधिमा १६ जनाको शव विभिन्न कारणले मृत्यु भएकोमा महोत्तरी फिर्ता मगाउन पहल गरिएको थियो। यता क्षतिपुती वापतको २४ करोड ९ लाख रकम समेत पिडितहरुलाई दिलाउन कार्यक्रम सफल भएको जानकारी गराइयो।

महोत्तरीबाट आर्थिक गत आर्थिक वर्षमा १९ हजार ३०१ जना वैदेशिक रोजगारीमा गएका छन भने चालु आर्थिक वर्षको श्रावणमा १५३० भाद्रमा २११६ असोजमा २२०६, कार्तिकमा २५१२, मॉसरमा ३३०४, पौपमा २८९१ माघमा २४२६ र फाल्गुणमा २३१६ जना विदेशिएका छन।

# जनमत पार्टी तत्काल मधेस सरकारबाट नबाहिरिने

**खबर दर्पण समाचारदाता**

**चैत १९ गते, जनकपुर**

जनमतका मधेस प्रदेश संसदीय दलका नेता एवं शिक्षामन्त्री महेशप्रसाद यादव



डा. सिके राउत नेतृत्वको जनमत पार्टी तत्काल मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव नेतृत्वको सरकारबाट नबाहिरिने भएको छ।

गत ११ माघमा केन्द्र सरकारमा खानेपानी तथा सरसफाइ मन्त्रालयको जिम्मेवारी पाएका सो पार्टीका नेता अब्दुल खानले आज प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसमक्ष राजीनामा बुझाए पनि मधेश सरकारबाट भने जनमत नबाहिरिने भएको हो।

जनमतका मधेस प्रदेशका संसदीय दलका नेतासमेत रहेका शिक्षा, विज्ञान, प्रविधि तथा वाणिज्य मन्त्री महेशप्रसाद यादवले प्रदेश सरकार बाट जनमत पार्टी अहिले नबाहिरिने जानकारी दिए। उनले भने, 'प्रदेशमा भने अहिले हाम्रो पार्टीको समर्थन कायमै रहने छ। केन्द्रको निर्देशनअनुसार हामी अगाडि बढ्ने छौं।'

१०७ जना प्रदेशसभा सदस्य रहेको मधेस प्रदेशमा जनमत पार्टीका प्रत्यक्षमा ६ र समानुपातिकमा ७ गरी १३ जना सांसद छन्। मधेस सरकारमा हाल जनमतबाट दुई मन्त्री र एक राज्यमन्त्री सहभागी छन्। मधेश प्रदेश सभामा उपसभामुख पनि जनमतबाटै रहेका छन्।

मधेस प्रदेशमा जनमतबाट समानुपातिक सांसद वसन्त कुशवाहा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री, सप्तरी २ (ख) बाट निर्वाचित महेशप्रसाद यादव शिक्षा, विज्ञान, प्रविधि तथा वाणिज्य मन्त्री र सिरहा २ (क) बाट निर्वाचित सञ्जयकुमार यादव राज्यमन्त्री छन्।

यता, जनमत पार्टीका अध्यक्ष राउतले आफ्नो पार्टी मन्त्री पदको भोको नरहेको बताएका छन्। प्रधानमन्त्री प्रचण्डले मन्त्रिपरिषद् विस्तार गरेलगत्तै राउतले ट्विट गर्दै यस्तो प्रतिक्रिया जनाएका हुन्। सरकारमा खानेपानी मन्त्रीको भूमिकामा रहेका अब्दुल खानले राजीनामा दिएपछि उनलाई बधाई दिँदै राउतले लेखेका छन्, 'मा. अब्दुल खानलाई धेरै-धेरै बधाई छ- उहाँले राजीनामा दिएर साबित गर्नुभएको छ कि जनमत पार्टी कुनै मन्त्री पदको भोको होइन।'

राउतले आफूहरू जनताको सेवक रहेको पनि जनाएका छन्। उनले लेखेका छन्, 'जनतासँग गरेको बाचा अनुसार सेवा दिन सके पदमा बस्ने हो, कामै गर्न सकिएन र जनताको वाचा पूरा गर्न सकिएन भने टाँसिरहनुको औचित्य हुँदैन।'

# अधिकांश पालिका निमित्तका भरमा

**खबर दर्पण समाचारदाता**

**चैत १९ गते, सर्लाही**

सर्लाहीका अधिकांश स्थानीय तह दरबन्दीअनुसार प्रमुख प्रशासकीय अधिकृत नहुँदा निमित्तको भरमा चलेका छन्।

उपसचिवको दरबन्दी भएका यहाँका अधिकांश नगरपालिकामा शाखा अधिकृत र प्राविधिकतर्फका कर्मचारीले निमित्त प्रमुख प्रशासकीय अधिकृत भएर पालिका चलाइरहेका छन्। उपसचिवको दरबन्दी रहेका ११ नगरपालिकामध्ये लालबन्दी नगरपालिकामा उपसचिव तारनाथ लुइटेल, ईश्वरपुर नगरपालिकामा उपसचिव हीराकाजी श्रेष्ठ, हरिवन नगरपालिकामा उपसचिव सुरेन्द्र प्रधान, मलङ्गवा नगरपालिकामा उपसचिव गेहनाथ गौतम र हरिपूर्वा नगरपालिकामा उपसचिव वसन्त न्यौपाने मात्रै दरबन्दीअनुसार कार्यरत हुनुहुन्छ।

गोडैता, बलरा, कविलासी, हरिपुर र बागमती नगरपालिकामा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले शाखा अधिकृतलाई प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिएर खटाएको छ। गोडैता नगरपालिकामा प्राविधिक इन्जिनियर रमेशप्रसाद यादवले प्रमुख प्रशासकीय अधिकृतका रूपमा काम गर्दै आइरहनुभएको छ।

मन्त्रालयले पठाएका सङ्का उपसचिव तथा शाखा अधिकृत स्थानीय पालिकामा बस्न नमानेका कारण धेरै पालिकामा इन्जिनियर, शिक्षा अधिकृत, जनस्वास्थ्यका हेल्थ असिस्टेन्ट, कृषि र भेटनरीका जेटीएले निमित्त प्रमुख प्रशासकीय अधिकृत भएर काम गरिरहेका छन्। बरहथवा नगरपालिकामा शिक्षाका उपसचिव मदनकुमार थापाले प्रमुख प्रशासकीय अधिकृतका रूपमा काम गर्दै आइरहनुभएको छ।

शाखा अधिकृतको दरबन्दी भएका गाउँपालिकामध्ये चक्रघट्टा, चन्द्रनगर र ब्रह्मपुरी गाउँपालिकामा मात्रै शाखा अधिकृतले जिम्मेवारी पाएका छन्। अन्य बाँकी छ पालिकामा भने स्वास्थ्य र आयुर्वेदका कर्मचारीले निमित्त प्रमुख प्रशासकीय भएर काम गरिरहनुभएको छ। बसबरिया गाउँपालिकामा आयुर्वेदका चुनचुनप्रसाद यादव, रामनगरमा आयुर्वेदकै कृष्णकुमार साह, कौडनामा स्वास्थ्यका शम्भुप्रसाद यादव, धनकौलमा स्वास्थ्यकै कृष्णप्रसाद साह, विष्णुमा पनि स्वास्थ्यकै सञ्जिव सापकोटा र पर्सा गाउँपालिकामा अधिकृत छैटौं सुरेशकुमार यादवले निमित्त प्रमुख प्रशासकीय अधिकृत भएर काम गर्दै आइरहनुभएको छ।

नागरिक समाजका अगुवा र जनीकान्त झाले धेरैजसो पालिकाका जनप्रतिनिधिले मनोमानी गर्न सहज हुने भएपछि आफू निकटका कर्मचारीलाई निमित्त प्रमुख प्रशासकीय अधिकृत बनाएर पालिका चलाइरहेका बताउनुभयो।

आफ्नो गाईभैंसीलाई कृत्रिम गर्भाधान गराई उन्नत किसिमका पाडा-पाडी, बाछा-बाछी उत्पादन गरी दुध उत्पादन बढाऔं।
हिउँद तथा वर्षे घाँसको विकास गरौं र उन्नत किसिमका घाँसको स्रोत केन्द्र स्थापना गरी आत्मनिर्भर बनौं। पशु बिमा गरी पशुधनको सुरक्षा गरौं।
भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
जनकपुरधाम, धनुषा

जानकी एकेडेमीक हस्पिटल प्रा.लि.
Hot line number
9748457490 / 9748457491
रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)
सम्पर्क नं. 9854028392 / 9854021392 / 9801528392
प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्वारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ।
२४ औं घण्टा उपलब्ध सेवा
- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्वारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था
स्नायु तथा मानसिक रोग र नाक, कान तथा घाँटीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।
- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्वारा अप्रेशन सुबिधा।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था।

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३)
कमप्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा